| | |
|---|---|
| विधेयक नं. | |

# लिखु गाउँपालिकाको

# आर्थिक विधेयक, २०८२

| | |
|---|---|
| **सभामा** पेश **मिति** | २०८२/०३/१० गते |
| **सभाबाट पारित मिति** | २०८२/०३/२६ गते |

**लिखु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**यसम, ओखलढुंगा**
**कोशी प्रदेश, नेपाल**

# आर्थिक विधेयक, २०८२

**प्रस्तावना:**लिखु गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिन र आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी संविधानको धारा २२६ को उपधारा (१) बमोजिम लिखु गाउँ सभाले अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न यो विधेयक बनाई लागु गरेको छ।

**१) संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम **"आर्थिक ऐन, २०८२"** रहेको छ।

(२) यो **ऐन २०८२ साल श्रावण १ गते** देखि **लिखु गाउँपालिका** क्षेत्रमा लागू हुनेछ।

**२) परिभाषा:** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले लिखु गाउँपालिकाको आर्थिक ऐन, २०८२ सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले लिखु गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले लिखु गाउँपालिका सम्झनु पर्दछ।

(घ) "फर्म" भन्नाले प्रचलित कानून वमोजिम दर्ता भएका वा नभएका जुनसुकै फर्म सम्झनु पर्दछ।

(ङ) "व्यक्ति" भन्नाले यस ऐन वमोजिम कर तिर्नु पर्ने दायित्व भएका जुनसुकै व्यक्ति सम्झनु पर्दछ।

(च) "सभा" भन्नाले लिखु गाउँपालिकाको सभा सम्झनु पर्दछ।

(छ) " संविधान" भन्नाले नेपालको संविधान,२०७२ लाई सम्झनु पर्दछ।

**३) सम्पति कर:** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम घरधुरीकर लगाइने र असूल उपर गरिनेछ। तथा गाउँ कार्यपालिकाले एकिकृत सम्मत्तिकर समेत लागु गर्न सक्नेछ।

**४) भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

**५) घर वहाल कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

**६) बहाल बिटौरी शुल्क:** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (४) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

**७) सवारी साधन कर:** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र उक्त कर सम्बन्धित प्रदेशले असुल गरि अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिकाको सँचित कोषमा बाँडफाड गर्नु पर्नेछ।

**८) विज्ञापन कर:** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि )६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको कर समेत संकलन गरि प्रदेश विभाज्य कोषमा बाँडफाँड गरिनेछ।

९) **मनोरन्जन कर**: गाउँपालिका क्षेत्रभित्र हुनेमनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको कर समेत संकलन गरि प्रदेश विभाज्य कोषमा बाँडफाँड गरिनेछ ।

१०) **व्यवसाय दर्ता, नविकरण दस्तुर तथा बार्षिक व्यवसाय कर**: गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (८) बमोजिम व्यवसाय दर्ता, नविकरण दस्तुर तथा बार्षिक व्यवसाय कर तथा दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

११) **संस्था दर्ता, नविकरण दस्तुर**: गाउँपालिका क्षेत्रभित्र सेवामुलक संघ संस्था दर्ता अनुमति तथा नविकरण दस्तुर अनुसूचि (९) लगाइने र असूल उपर गरिनेछ ।

१२) **रेडियोएफ/।एम।सञ्चालन दस्तुर:** गाउँपालिका क्षेत्रभित्र कुनै पनि रेडियो एफ।एम। सञ्चालन गरे बापत अनूसूचि )१०बमोजिमको कर लगाइनेछ । (

१३) **कृषि तथा पशुजन्य बस्तुको व्यवसायिक कारोबार कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तु तथा जिउदो पशुपन्छीको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (११) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

१४) **सरकारी सम्पत्ति बहाल शुल्क :**सरकारी सम्पत्ति बहाल भाडा सम्बन्धि अनुसूचि १)२ बमोजिमको कर ( लगाइनेछ ।

१५) **पार्किङ शुल्क**: गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१३) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१६) **पर्यटन प्रवेश शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण गरेका उद्यान, पार्क, ऐतिहासिक, पुरातात्विक तथा प्राकृतिक सम्पदा, संग्रहालय जस्ता सम्पदा उपयोग गरे बापत पर्यटकहरुबाट अनुसूची १)४ मा ( उल्लिखित दरमा पर्यटन प्रवेश शुल्क लगाईने र असूल उपर गरिनेछ ।

१७) **खानि तथा खनिजजन्य सम्बन्धी दस्तुर**: गाउँपालिकाको क्षेत्रभित्र नदिजन्य पदार्थ, माटोजन्य पदार्थ र सार्वजनिक तथा ऐलानि जग्गामा रहेका काठ, दाउरा, जराजुरी दहत्तर/बहत्तर आदिको बिक्रि अनुसुची (१५) मा उल्लेखित दरमा शुल्क लगाईनेछ र असुल उपर गरिनेछ ।

१८) **बस्तु तथा सेवा  बिक्रि शुल्क**: गाउँपालिकाको क्षेत्रभित्र सञ्चालनमा रहेका स्वास्थ्य ल्याव सेवा, आँखा उपचार सेवा तथा कृषि तथा पशुपन्छी सेवा तथा बस्तु  बिक्रि अनुसुची (१६) मा उल्लेखित दरमा शुल्क लगाईनेछ र असुल उपर गरिनेछ ।

१९) **प्रशासनिक सेवा शुल्क, दस्तुर**: गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१७) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

२०) **दण्ड जरिवाना तथा छुट :**गाउँपालिका क्षेत्रभित्र अनुसूचि १)८ बमोजिमको दण्ड जरिवाना तथा कर छुट ( हुनेछ ।

## अनुसूचि-१
### (दफा ३ संग सम्बन्धित)
### घरधुरी कर (राजश्व शीर्षक - ११३११)

सम्पत्ति कर प्रत्येक आर्थिक वर्ष शुरु भएको प्रथम त्रैमासिक भित्र देहाय बमोजिम संकलन गर्ने र उल्लेखित समयावधि भित्र करदाताले नबुझाएमा अनुसूचि (१८) बमोजिम जरिवाना लिने ।

| क्र.स. | घरधुरी कर | दर (रु।) |
|---|---|---|
| १ | एक तले कच्ची प्रति घर | **२२०।००** |
| २ | एक तले पक्की प्रति घर | **५५०।००** |
| ३ | दुई तले कच्ची प्रति घर | **३००।००** |
| ४ | दुई तले पक्की प्रति घर | **११००।००** |
| ५ | तीन तले भन्दा माथी कच्ची प्रति घर | **३५०।००** |
| ६ | तीन तले भन्दा माथी पक्की प्रति घर | **२५००।००** |

## अनुसूचि-२
### (दफा ४ संग सम्बन्धित)
### भुमिकर/मालपोत (राजश्व शीर्षक - ११३१४)

भूमिकर/मालपोत कर प्रत्येक आर्थिक वर्ष शुरु भएको प्रथम त्रैमासिक भित्र देहाय बमोजिम संकलन गर्ने र उल्लेखित समयावधि भित्र करदाताले नबुझाएमा अनुसूचि (१८) बमोजिम जरिवाना लिने ।

| क्र.स. | बारी/खेत | दर (रु।) |
|---|---|---|
| | **बारी** | |
| १ | अब्बल १० रोपनी भन्दा कम | **३५।००** |
| २ | अब्बल १० रोपनी भन्दा बढी | **प्रतिरोपनी थप ४।००** |
| ३ | दोयम १० रोपनी भन्दा कम | **३०।००** |
| ४ | दोयम १० रोपनी भन्दा बढी | **प्रतिरोपनी थप ३।००** |
| ५ | सिम १० रोपनी भन्दा कम | **२५।००** |
| ६ | सिम १० रोपनी भन्दा बढी | **प्रतिरोपनी थप २** |
| ७ | चहार १० रोपनी भन्दा कम | **२०।००** |
| ८ | चहार १० रोपनी भन्दा बढी | **प्रतिरोपनी थप १।५** |
| | **खेत** | |
| १ | अब्बल १० रोपनी भन्दा कम | **६०।००** |
| २ | अब्बल १० रोपनी भन्दा बढी | **प्रतिरोपनी थप ६।००** |
| ३ | दोयम १० रोपनी भन्दा कम | **५०।००** |
| ४ | दोयम १० रोपनी भन्दा बढी | **प्रतिरोपनी थप ५।००** |
| ५ | सिम १० रोपनी भन्दा कम | **४०।००** |
| ६ | सिम १० रोपनी भन्दा बढी | **प्रतिरोपनी थप ४** |
| ७ | चहार १० रोपनी भन्दा कम | **३०।००** |
| ८ | चहार १० रोपनी भन्दा बढी | **प्रतिरोपनी थप ३।००** |

## अनुसूचि-३
## (दफा ५ संग सम्बन्धित)
## घर बहाल कर (राजश्व शीर्षक - ११३२१)

गाउँपालिकाको क्षेत्र भित्र रहेका स्थायी संरचनाहरु (घर, गोदाम, कम्पलेक्स आदि) भाडामा लगाउँदा प्राप्त आयमा १०% का दरले घरबहाल कर लाग्नेछ । गाउँपालिका क्षेत्र भित्र रहेका जग्गा जमिन भाडामा लगाउँदा प्राप्त आयमा २% का दरले जग्गा बहाल कर लाग्नेछ ।

## अनुसूचि-४
## (दफा ६ संग सम्बन्धित)
## बहाल बिटौरी शुल्क (राजश्व शीर्षक - ११३२२)

गाउँपालिका क्षेत्र भित्र लाग्ने दैनिक तथा साप्ताहिक हाटबजारमा प्रति दिन देहाय बमोजिमका दरले कर लाग्नेछः

| क्र.स. | विवरण | दर (रु।) |
|---|---|---|
| | **माछा मासु बिक्री सम्बन्धी** | |
| १ | खसी, बोका काटी बिक्रि गर्दा प्रति गोटा | २०।०० |
| २ | सुंगुर बुंगुर काटी बिक्रि गर्दा प्रति गोटा | २०।०० |
| ३ | रांगा काटी बिक्रि गर्दा प्रति गोटा | ५०।०० |
| ४ | जिउँदो खसी, बोका, सुंगुर वा रांगा बेच्ने प्रति गोटा | २०।०० |
| ५ | हाँस, परेवा वा कुखुरा वा अन्य पंक्षी बेच्ने प्रति गोटा | १०।०० |
| ६ | माछा बिक्री गर्ने | २०।०० |
| | **कपडा, जुत्ता तथा अन्य व्यवसाय सम्बन्धी** | |
| ७ | रेडिमेड सामान तथा थान कपडा बिक्रि गर्ने | १०।०० |
| ८ | श्रृंगार सामग्री बिक्री गर्ने | १०।०० |
| ९ | मुरली, वांसुरी, गुलेली, थैली तथा कीटनाषक औषधी बेच्ने | १०।०० |
| १० | खेलौना बेच्ने | १०।०० |
| ११ | जुत्ता चप्पल बिक्रि गर्ने | १०।०० |
| १२ | जुत्ता चप्पल सिलाई गर्ने | ५।०० |
| १३ | खेल तमासा देखाउने | १०।०० |
| १४ | प्रचार प्रसार गरि बिक्री गर्ने | २०।०० |
| १५ | बाँस प्रति ट्रयाक्टर | ५०।०० |
| १६ | बाँस प्रति ट्रक | १००।०० |
| १७ | खटिया वा ठेलामा सामान बिक्रि गर्ने | १०।०० |
| १८ | फलामको औजार तथा सामान बिक्री गर्ने | १०।०० |
| १९ | भाँडाकुँडा बिक्री गर्ने | २०।०० |
| २० | फोटो फ्रेमिङ्ग गरि बिक्री गर्ने | १०।०० |
| २१ | मर्मत (कुकर, लाईट, छाता आदि) गर्ने | १०।०० |
| | **तरकारी तथा फलफूल सम्बन्धी** | |

| | | |
|---|---|---|
| २२ | फलफुल, साग सब्जी वा नास्ता बिक्री गर्ने (ठुलो) | १०।०० |
| २३ | फलफूल, साग सब्जी ल्याई बिक्री गर्ने (सानो) | ५।०० |
| **खाद्यान्न सम्बन्धी** | | |
| २४ | किराना सामग्री | १०।०० |
| २५ | मकै पोली बेच्ने | ५।०० |
| **परम्परागत सीप सँग सम्बन्धित** | | |
| २६ | माटाका भाँडा बेच्ने (ठुलो) | १०।०० |
| २७ | माटाका भाँडा बेच्ने (सानो) | ५।०० |
| २८ | कुची कुनिया नाङ्लो बेच्ने | ५।०० |
| २९ | जडिबुटी बिक्री गर्ने | १०।०० |

माथि उल्लेख नभएको दैनिक तथा साप्ताहिक हाटबजारमा व्यवसाय गर्नेको हकमा गाउँ कार्यपालिकाबाट निर्णय गरि रु १० देखि रु ५०० सम्म तोक्न सकिने छ।

## अनुसूचि-५
## (दफा ७ संग सम्बन्धित)
## सवारी साधन कर (राजश्व शीर्षक - ११४५१)

| क्र.स. | सवारीको प्रकार | दर (रु।) |
|---|---|---|
| १ | बस, ट्रक, ट्र्याक्टर र हेभी गाडी | २०००।०० |
| २ | भाडाका कार जिप | १०००।०० |
| ३ | निजी कार, जीप, मयुरी | ५००।०० |
| ४ | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | २००।०० |
| ५ | ठेलागाडा तथा रिक्सामा | २००।०० |

## अनुसूचि-६
## (दफा ८ संग सम्बन्धित)
## विज्ञापन कर (राजश्व शीर्षक - ११४७२)

| क्र.स. | विवरण | दर (रु।) |
|---|---|---|
| १ | सार्वजनिक स्थानमा विज्ञापन वा साईन बोर्ड राखे बापत वार्षिक कर (प्रति वर्ग फिट | १००।०० |
| २ | होटल तथा व्यपारमा राखेको होडिंग बोर्ड (प्रति वर्ग फिट) | २०।०० |
| ३ | तुल व्यानर तथा भित्ते लेखन (प्रति वर्ग फिट) | २०।०० |
| ४ | बिद्युत वा टेलिफोनका पोलमा राखिएको बोर्ड (प्रति बोर्ड) | ३००।०० |
| ५ | मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापन (प्रति बोर्ड) | १०००।०० |

## अनुसूचि-७
## (दफा ९ संग सम्बन्धित)
## मनोरञ्जन कर (राजश्व शीर्षक- ११४७१)

- मनोरञ्जन कर ऐतिहासिक पुरातात्विक एवं धार्मिकस्थलहरुको व्यवस्थापन गरी स्थानीय वासीहरुको सहकार्यमा प्रवेश शुल्कको व्यवस्था गरी पर्यटकहरु वाट प्रवेश शुल्कको ५% रकम गाउँपालिकाले मनोरञ्जन कर वापत लिन सक्नेछ।
- साँस्कृतिक प्रदर्शन हल, नाच घर , दोहोरी संगीत तथा अन्य मनोरञ्जन सामाग्री प्रदर्शनीमा प्रवेश शुल्कमा ५% मनोरञ्जन कर लाग्ने छ।
- जादु, सर्कश, चटक र मेला आयोजना स्थलमा मनोरञ्जन कर वापत अनुमतिका लागि गरिने सिफारिस दस्तुरका अतिरिक्त प्रत्येक दिन रु ३००।०० लिईने छ।

## अनुसूचि-८
## (दफा १० संग सम्बन्धित)
## व्यवसाय दर्ता, नविकरण दस्तुर तथा बार्षिक व्यवसाय कर (राजश्व शीर्षक - १४६११)

व्यवसाय सम्बन्धि कर प्रत्येक आर्थिक वर्ष शुरु भएको प्रथम त्रैमासिक भित्र देहायमा उल्लेख भए बमोजिम संकलन गर्ने र उल्लेखित समयावधि भित्र करदाताले नबुझाएमा अनुसूचि-१८ बमोजिम जरिवाना लिने।

| क्र.स. | विवरण | दर (रु।) |
|---|---|---|
| | **नयाँ व्यवसाय दर्ता तथा सूचीकरण** | |
| १ | १ लाख सम्मको | १०००।०० |
| २ | १ लाख देखि ३ लाखसम्म | ३०००।०० |
| ३ | ३ लाखदेखि ५ लाख सम्म | ५०००।०० |
| ४ | ५ लाख देखि १० लाख सम्म | ९०००।०० |
| ५ | १० लाखदेखि २० लाख सम्म | १४०००।०० |
| ६ | २० भन्दा माथी १ करोड सम्म | ३००००।०० |
| ७ | १ करोड देखि ५ करोड सम्म | ४५०००।०० |
| ८ | ५ करोड माथि | ७००००।०० |
| | **व्यवसाय नवीकरण** | |
| ९ | सबै प्रकारका व्यवसाय नवीकरण | १५०।०० |
| | **वार्षिक व्यवसाय कर** | |
| १० | १ लाख सम्म | ८००।०० |
| ११ | १ लाख देखि ३ लाखसम्म | ११००।०० |
| १२ | ३ लाखदेखि ५ लाख सम्म | १४००।०० |
| १३ | ५ लाख देखि १० लाख सम्म | २२००।०० |
| १४ | १० लाखदेखि २० लाख सम्म | २५००।०० |
| १५ | २० भन्दा माथी १ करोड सम्म | ४०००।०० |
| १६ | १ करोड देखि ५ करोड सम्म | ६५००।०० |
| १७ | ५ करोड माथि | ११०००।०० |

| व्यवसाय खारेजी | | |
|---|---|---|
| १८ | सबै प्रकारका व्यवसाय खारेजी | १०००।०० |
| **बैंक तथा वित्तिय संस्था सूचीकरण तथा नविकरण** | | |
| १९ | क वर्गका बैंक तथा वित्तिय संस्था सूचीकरण | १५०००।०० |
| २० | ख वर्गका बैंक तथा वित्तिय संस्था सूचीकरण | १००००।०० |
| २१ | ग वर्गका बैंक तथा वित्तिय संस्था सूचीकरण | ७०००।०० |
| २२ | घ वर्गका बैंक तथा वित्तिय संस्था सूचीकरण | ५०००।०० |
| २३ | क वर्गका वित्तिय संस्था नविकरण | १२०००।०० |
| २४ | ख वर्गका वित्तिय संस्था नविकरण | ९०००।०० |
| २५ | ग वर्गका वित्तिय संस्था नविकरण | ७०००।०० |
| २६ | घ वर्गका वित्तिय संस्था नविकरण | ५०००।०० |

## अनुसूचि-९

**(दफा ११ संग सम्बन्धित)**

**संस्था दर्ता तथा सूचीकरण (राजश्व शीर्षक- १४६११)**

संस्था सम्बन्धी कर प्रत्येक आर्थिक वर्ष शुरु भएको प्रथम त्रैमासिक भित्र देहायमा उल्लेख भए बमोजिम संकलन गर्ने र उल्लेखित समयावधि भित्र करदाताले नबुझाएमा अनुसूचि-१८  बमोजिम जरिवाना लिने।

| क्र.स. | विवरण | दर (रु।) |
|---|---|---|
| १ | संस्था दर्ता तथा सूचीकरण दस्तुर | २०००।०० |
| २ | संस्था नविकरण दस्तुर | १०००।०० |
| ३ | सहकारी संस्था दर्ता दस्तुर | ५०००।०० |
| ४ | सहकारी संस्था प्रतिवेदन विलम्ब दस्तुर (बचत तथा ऋण र बहुउद्देशिय प्रकारका) | २०००।०० |
| ५ | सहकारी संस्था प्रतिवेदन विलम्ब दस्तुर (अन्य प्रकारका) | १५००।०० |

## अनुसूचि-१०

**(दफा १२ संग सम्बन्धित)**

**रेडियो/एफ।एम। सञ्चालन दस्तुर (राजश्व शीर्षक - १४२५४)**

रेडियो एफ.एम. सञ्चालन सम्बन्धी कर प्रत्येक आर्थिक वर्ष शुरु भएको प्रथम त्रैमासिक भित्र देहायमा उल्लेख भए बमोजिम संकलन गर्ने र उल्लेखित समयावधि भित्र करदाताले नबुझाएमा अनुसूचि-१८  बमोजिम जरिवाना लिने।

| क्र.स. | विवरण | दर (रु।) |
|---|---|---|
| १ | रेडियो/एफ.एम. अनुमति दस्तुर | १५०००।०० |
| २ | रेडियो/एफ.एम. नवीकरण दस्तुर | ५०००।०० |

## अनुसूचि-११

**(दफा १३ संग सम्बन्धित)**

**कृषि तथा पशुजन्य बस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर (राजश्व शीर्षक - ११६३१)**

| क्र.स. | विवरण | दर (रु।) |
|---|---|---|
| **जडिबुटी तथा कृषि उत्पादन व्यवसायीक कारोबार सम्बन्धी** | | |
| १ | खोटो प्रति के.जी. | **२%** |
| २ | टिमुर प्रति के.जी. | **५%** |
| ३ | तेजपात प्रति के.जी. | **५%** |
| ४ | चिउरी प्रति के.जी. | **५%** |
| ५ | कुरिलो प्रति के.जी. | **५%** |
| ६ | अलैची (प्रति के.जी.) | **७ %** |
| ७ | चिराईतो (प्रति के.जी.) | **७ %** |
| ८ | लौठ सल्लो (पात) प्रति के.जी. | **७ %** |
| ९ | पाखान बेद (प्रति के.जी.) | **२%** |
| १० | ठूलो ओखती (प्रति के.जी.) | **२%** |
| ११ | पदम चाल (प्रति के.जी.) | **२%** |
| १२ | जटामसि (प्रति के.जी.) | **२%** |
| १३ | काउलो (प्रति के.जी.) | **२%** |
| १४ | लोक्ता (प्रति के।जी।) | **२%** |
| १५ | अल्लो (प्रति के.जी.) | **२%** |
| १६ | मछिनो (प्रति के.जी.) | **५%** |
| **पशुपन्छीको ब्यावसायिक कारोबार तथा निकासी सम्बन्धी** | | |
| १७ | भैसि तथा रागो बिक्रि तथा निकासि प्रति गोटा | **३००।००** |
| १८ | गाई तथा गोरु बिक्रि तथा निकासि प्रति गोटा | **२००।००** |
| १९ | बाख्रा तथा खसि बिक्रि तथा निकासि प्रति गोटा | **५०।००** |
| २० | बंगुर बिक्रि तथा निकासि प्रति गोटा | **५०।००** |
| २१ | कुखुरा बिक्रि तथा निकासि प्रति गोटा | **१०।००** |

## अनुसूचि-१२

**(दफा १४ संग सम्बन्धित)**

**सरकारी सम्पत्ति बहाल (राजश्व शीर्षक- १४१५१)**

| क्र.स. | विवरण | दर (रु।) |
|---|---|---|
| **व्याकहु लोडर बहाल सम्बन्धी** | | |
| १ | मेशिन स्टार्ट भएको समयबाटै, ईन्धन बाहेक (प्रति घण्टा) | **१५००।००** |
| २ | मेशिन स्टार्ट भएको समयबाटै, ईन्धन सहित (प्रति घण्टा) | **३५००।००** |
| **हल बहाल सम्बन्धी** | | |
| ३ | गाउँ कार्यपालिका सभा हल (प्रति दिन) | **२०००।००** |

| | | |
|---|---|---|
| ४ | गाउँ कार्यपालिका बैठक हल (प्रति दिन) | **१५००।००** |
| **कृषि हाट बजार भवन बहाल सम्बन्धी** | | |
| ५ | सटर सहितको कोठा ठुलो साईजको (प्रति कोठा) | **२५००।००** |
| ६ | सटर सहितको कोठा सानो साईजको (प्रति कोठा) | **२०००।००** |
| ७ | सटर बाहेकको कोठा ठुलो साईजको (प्रति कोठा) | **२०००।००** |
| ८ | सटर बाहेकको कोठा सानो साईजको (प्रति कोठा) | **१५००।००** |

## अनुसूची-१३
### (दफा १५ सँग सम्बन्धित)
### पार्किङ शुल्क (राजश्व शीर्षक १४२४१)

| क्र.स. | विवरण | दर (रु।) |
|---|---|---|
| १ | बस , ट्रक, लरी, हेभी गाडी, ट्याक्टर, जीप | **१००००।००** |
| २ | मोटरसाइकल, ठेला गाडा, अटो रिक्सा र अन्य साधन प्रति घण्टा | **१०००।००** |

## अनुसूचि-१४
### (दफा १६ संग सम्बन्धित)
### पर्यटन सेवा शुल्क (राजश्व शीर्षक- १४१९१)

लिखु गाउँपालिका पर्यटकिय गन्तव्यमा आउने स्वदेशी पर्यटकलाई रु २०।०० र विदेशी पर्यटकलाई रु ५००।०० प्रवेश शुल्क लगाउने। लिखु गाउँपालिका पर्यटकिय गन्तव्यमा व्यवसायीक भिडियो डकुमेन्ट्री तथा भिडियो सुटिङ् कार्यको लागि प्रति दिन १०००।०० शुल्क लगाउने।

## अनुसूचि-१५
### (दफा १७ संग सम्बन्धित)
### खानि तथा खनिजजन्य सम्बन्धी दस्तुर (राजश्व शीर्षक - १४२६१-१४२६५)

| क्र.स. | राजश्व शिर्षक | विवरण | प्रस्तावित दर (रु।) |
|---|---|---|---|
| १ | १४२६३ | नदिजन्य पदार्थ (प्रति घन फिट) | कोशी प्रदेशले तोके बमोजिम |
| २ | १४२६५ | माटो तथा ढुंगाजन्य पदार्थ (प्रति घन फिट) | कोशी प्रदेशले तोके बमोजिम |
| ३ | १४२६४ | काठ, दाउरा, जराजुरी (प्रति के.जी.) | कोशी प्रदेशले तोके बमोजिम |
| ४ | १४२६२ | बिद्युत सम्बन्धी | कोशी प्रदेशले तोके बमोजिम |

## अनुसूचि-१६

**(दफा १८ संग सम्बन्धित)**

**बस्तु तथा सेवा बिक्रि शुल्क (राजश्व शीर्षक- १४२००)**

| क्र.स. | विवरण | दर (रु।) |
|---|---|---|
| **पशु तथा कृषि सेवा शुल्क** | | |
| १ | पशु उपचार दर्ता दस्तुर (प्रत्येक पटक) | २०।०० |
| २ | गोबर परीक्षण | ३०।०० |
| ३ | गोरु, रागा बन्ध्याकरण | २००।०० |
| ४ | बंगुर बन्ध्याकरण | ५०।०० |
| ५ | बोका बन्ध्याकरण | ५०।०० |
| ६ | पशुपन्छी पोष्ट मार्टम | १००।०० |
| ७ | कृषि औषधि वितरण तथा उपचार दर्ता (प्रत्येक पटक) | २०।०० |
| **स्वास्थ्य क्षेत्रसँग सम्बन्धीत शुल्क** | | |
| ८ | आखा उपचार दर्ता शुल्क | ५०।०० |
| ९ | चस्मा फ्रेम तथा ग्लास | खरिद दर तथा कार्यविधि अनुसार |
| १० | नेपाल सरकारबाट निशुल्क वितरण हुने बाहेकका आँखा उपचार सँग सम्बन्धित औषधिहरु | खरिद दर तथा कार्यविधि अनुसार |
| ११ | ई.सि.जि. | २००।०० |
| १२ | भिडियो एक्सरे | ३००।०० |
| १३ | यु.एस.जि. | ५००।०० |
| १४ | टोटल काउण्ट | ४०।०० |
| १५ | डिफिरेन्सियल काउन्ट | ५०।०० |
| १६ | एच.बि. पर्सेन्ट | ५०।०० |
| १७ | ई.एस.आर. | ५०।०० |
| १८ | प्लेटिलेट काउन्ट | ५०।०० |
| १९ | बल्ड ग्रुपिङ् | ५०।०० |
| २० | बि.टि. | ५०।०० |
| २१ | सि.टि. | ५०।०० |
| २२ | आर.बि.सि. | ५०।०० |
| २३ | पि.सि.भि. | ५०।०० |
| २४ | एम.सि.भि. | ५०।०० |
| २५ | एम.सि.एच. | ५०।०० |
| २६ | एम.सि.एच.सि. | ५०।०० |
| २७ | बल्ड सुगर एफ. | १००।०० |
| २८ | आर.बि.एस. | १००।०० |
| २९ | पि.पि. बल्ड सुगर | १००।०० |
| ३० | युरिया | १००।०० |

| | | |
|---|---|---|
| ३१ | क्रेटिनाईन | १००।०० |
| ३२ | युरिक एसिड | १५०।०० |
| ३३ | सोडियम | १५०।०० |
| ३४ | पोटासियम | १५०।०० |
| ३५ | बिल्लिरुबिन-टि | १००।०० |
| ३६ | बिल्लिरुबिन-डि | १००।०० |
| ३७ | टोटल प्रोटिन | १५०।०० |
| ३८ | आल्बुमिन | १५०।०० |
| ३९ | टोटल कोलेस्ट्रोल | १५०।०० |
| ४० | ट्राईगिल्सराईड | १५०।०० |
| ४१ | ग्राम स्टिन | ५०।०० |
| ४२ | सेमेन एनालाईसिस | १५०।०० |
| ४३ | के.ओ.एच. | १००।०० |
| ४४ | वाईडल टेस्ट | १००।०० |
| ४५ | सि.आर.पि. | १५०।०० |
| ४६ | ए.एस.ओ. टाईटर | १५०।०० |
| ४७ | आर.ए. फ्याक्टर | १५०।०० |
| ४८ | एच.बि.एस. ए.जि. | २५०।०० |
| ४९ | एच.सि.बि. | २५०।०० |
| ५० | एच.आई.भि. | **सुत्केरीलाई निशुल्क** |
| ५१ | भि.डि.आर.एल. | १५०।०० |
| ५२ | मलेरिया आर.डि.टि. किट | ३००।०० |
| ५३ | माउनटस टेस्ट | १००।०० |
| ५४ | यु.पि.टि. | १००।०० |
| ५५ | ए.एफ.बि. फट टि.बि. | **निशुल्क** |
| ५६ | एस.जि.पि.टि. (ए.एल.टि.) | १००।०० |
| ५७ | एस.जि.ओ.टि. (ए.एस.टि.) | १००।०० |
| ५८ | युरिन आर/एम/ई | ५०।०० |
| ५९ | स्टुल आर/एम/ई | ५०।०० |
| ६० | एच. पाईलोरी | ३००।०० |
| ६१ | एच.डि.एल. | १००।०० |
| ६२ | एल.डि.एच. | १००।०० |

## अनुसूचि-१७

## (दफा १९ संग सम्बन्धित)
## प्रशासनिक सेवा शुल्क, दस्तुर (राजश्व शीर्षक - १४२२० देखि १४२४९)

| क्र.स. | राजश्व शीर्षक | विवरण | प्रस्तावित दर (रु।) |
|---|---|---|---|
| १ | १४२२१ | न्यायिक समिति निवेदन दस्तुर | **२००।००** |
| २ | १४२२१ | कोर्ट फी मिनाहा सिफारीस | **निशुल्क** |
| ३ | १४२२३ | शैक्षिक (कक्षा ८) मार्कसिट प्रतिलिपि दस्तुर | **१५०।००** |
| ४ | १४२२४ | परीक्षा शुल्क | **कार्यपालिकाले तोके बमोजिम** |
| ५ | १४२२९ | निवेदन दस्तुर | **३०।००** |
| ६ | १४२२९ | नो अब्जेक्सन सर्टिफिकेट दस्तुर | **५००।००** |
| **नक्सा पास दस्तुर (प्रति वर्ग फिट)** | | | |
| ७ | १४२४२ | क वर्गका भवन आवासीय | **१५।००** |
| ८ | १४२४२ | क वर्गका भवन व्यापारिक तथा औद्योगिक | **२०।००** |
| ९ | १४२४२ | क वर्गका भवन संस्थागत | **२०।००** |
| १० | १४२४२ | ख वर्गका भवन आवासीय | **७।००** |
| ११ | १४२४२ | ख वर्गका भवन व्यापारिक तथा औद्योगिक | **९।००** |
| १२ | १४२४२ | ख वर्गका भवन संस्थागत | **८।००** |
| १३ | १४२४२ | ग वर्गका भवन आवासीय | **६।००** |
| १४ | १४२४२ | ग वर्गका भवन व्यापारिक तथा औद्योगिक | **८।००** |
| १५ | १४२४२ | ग वर्गका भवन संस्थागत | **७।००** |
| १६ | १४२४२ | घ वर्गका भवन आवासीय बजार क्षेत्र | **३।००** |
| १७ | १४२४२ | घ वर्गका भवन व्यापारिक तथा औद्योगिक बजार क्षेत्र | **४।००** |
| १८ | १४२४२ | घ वर्गका भवन संस्थागत बजार क्षेत्र | **८।००** |
| १९ | १४२४२ | घ वर्गका भवन आवासीय ग्रामीण क्षेत्र | **२।००** |
| २० | १४२४२ | घ वर्गका भवन व्यापारिक तथा औद्योगिक ग्रामीण क्षेत्र | **३।००** |
| २१ | १४२४२ | घ वर्गका भवन संस्थागत ग्रामीण क्षेत्र | **६।००** |
| **अभिलेखिकरण नक्सा पास दस्तुर (प्रति वर्ग फिट)** | | | |
| २२ | १४२४२ | क वर्गका भवन आवासीय | **८।००** |
| २३ | १४२४२ | क वर्गका भवन व्यापारिक तथा औद्योगिक | **८।००** |
| २४ | १४२४२ | क वर्गका भवन संस्थागत | **७।००** |
| २५ | १४२४२ | ख वर्गका भवन आवासीय | **८।००** |
| २६ | १४२४२ | ख वर्गका भवन व्यापारिक तथा औद्योगिक | **८।००** |
| २७ | १४२४२ | ख वर्गका भवन संस्थागत | **६।००** |
| २८ | १४२४२ | ग वर्गका भवन आवासीय | **६।००** |
| २९ | १४२४२ | ग वर्गका भवन व्यापारिक तथा औद्योगिक | **७।००** |
| ३० | १४२४२ | ग वर्गका भवन संस्थागत | **५।००** |

| | | | |
|---|---|---|---|
| ३१ | १४२४२ | घ वर्गका भवन आवासीय | ३।०० |
| ३२ | १४२४२ | घ वर्गका भवन व्यापारिक तथा औद्योगिक | ४।०० |
| ३३ | १४२४२ | घ वर्गका भवन संस्थागत | ५।०० |
| **सिफारिस दस्तुर** | | | |
| ३४ | १४२४३ | घरजग्गा नामसारी सिफारीस (० देखि ९ रोपनी सम्म) | २००।०० |
| ३५ | १४२४३ | घरजग्गा नामसारी सिफारीस (१० देखि १९ रोपनी सम्म) | २५०।०० |
| ३६ | १४२४३ | घरजग्गा नामसारी सिफारीस (२० देखि ४९ रोपनीसम्म) | ४००।०० |
| ३७ | १४२४३ | घरजग्गा नामसारी सिफारीस (५० रोपनीभन्दा माथि) | ८००।०० |
| ३८ | १४२४३ | मोही लगत कट्टा सिफारीस (१ रोपनी सम्म) | १५०।०० |
| ३९ | १४२४३ | मोही लगत कट्टा सिफारीस (१ रोपनी भन्दा माथि) | ३००।०० |
| ४० | १४२४३ | सरजमिन सिफारीस दस्तुर | २५०।०० |
| ४१ | १४२४३ | छात्रवृति सिफारीस | **निशुल्क** |
| ४२ | १४२४३ | विपन्न असहाय/विद्यार्थी छात्रवृति सिफारीस | **निशुल्क** |
| ४३ | १४२४३ | अपाङ्गता भएको सिफारीस | **निशुल्क** |
| ४४ | १४२४३ | अस्थाइ बसोबास सिफारीस | १५०।०० |
| ४५ | १४२४३ | स्थायी बसोबास सिफारीस | १५०।०० |
| ४६ | १४२४३ | नागरिकता सिफारीस | १५०।०० |
| ४७ | १४२४३ | विद्युत जडान सिफारीस | १५०।०० |
| ४८ | १४२४३ | धारा जडान सिफारीस | १५०।०० |
| ४९ | १४२४३ | जीवित रहेको सिफारीस | १५०।०० |
| ५० | १४२४३ | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्म मिति संशोधन सिफारीस | १५०।०० |
| ५१ | १४२४३ | व्यवसाय बन्द सिफारीस | १५०।०० |
| ५२ | १४२४३ | व्यवसाय सञ्चालन नभएको सिफारीस | १५०।०० |
| ५३ | १४२४३ | व्यापार व्यवसाय नभएको सिफारीस | १५०।०० |
| ५४ | १४२४३ | नाबालक परिचयपत्र सिफारीस | १५०।०० |
| ५५ | १४२४३ | चौपाया सम्बन्धी सिफारीस प्रति गोटा | ३०।०० |
| ५६ | १४२४३ | व्यवसाय दर्ता सिफारीस | ५००।०० |
| ५७ | १४२४३ | व्यवसाय ठाउँसारी सिफारीस | १०००।०० |
| ५८ | १४२४३ | विद्यालय ठाउँसारी सिफारीस | १०००।०० |
| ५९ | १४२४३ | आन्तरिक बसाइसराइ सिफारीस | १५०।०० |
| ६० | १४२४३ | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्धि सिफारिस | १५००।०० |
| ६१ | १४२४३ | व्यक्तिगत विवरण सिफारिस | १५०।०० |

| | | | |
|---|---|---|---|
| ६२ | १४२४३ | नवीकरण सिफारीस | **१५०।००** |
| ६३ | १४२४३ | जग्गा दर्ता सिफारीस | **१५०।००** |
| ६४ | १४२४३ | सुकुम्बासि सिफारिस | **निशुल्क** |
| ६५ | १४२४३ | संरक्षक सिफारीस व्यक्तिगत | **१५०।००** |
| ६६ | १४२४३ | संरक्षक सिफारीस संस्थागत | **५००।००** |
| ६७ | १४२४३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारीस | **२५०।००** |
| ६८ | १४२४३ | कोठा खोल्न कार्य रोहबरमा बस्ने सिफारीस | **१५०।००** |
| ६९ | १४२४३ | निशुल्क स्वास्थ्य उपचारको सिफारीस | **निशुल्क** |
| ७० | १४२४३ | सशुल्क स्वास्थ्य उपचारको सिफारीस | **१५०।००** |
| ७१ | १४२४३ | संस्था दर्ता सिफारीस | **५००।००** |
| ७२ | १४२४३ | जग्गा धनीपुर्जा हराएको सिफारीस | **१५०।००** |
| ७३ | १४२४३ | अपुताली सिफारिस | **१०००।००** |
| **व्यक्तिगत घटना दर्ता दस्तुर (घटना घटेको ३५ दिन पछि)** | | | |
| ७४ | १४२४४ | जन्म दर्ता | **१५०।००** |
| ७५ | १४२४४ | मृत्य दर्ता | **१५०।००** |
| ७६ | १४२४४ | बसाइसराइ जाने आउने दर्ता | **१५०।००** |
| ७७ | १४२४४ | सम्बन्ध विच्छेद दर्ता | **१५०।००** |
| ७८ | १४२४४ | विवाह दर्ता | **१५०।००** |
| ७९ | १४२४५ | नाता प्रमाणित दस्तुर | १५०।०० |
| ८० | १४२४५ | सामाजिक सुरक्षा भत्ता सिफारिस | निशुल्क |
| **अन्य दस्तुर** | | | |
| ८१ | १४२४९ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | |
| ८२ | १४२४९ | १ लाख देखी २ लाख सम्म | **१०००।००** |
| ८३ | १४२४९ | २ लाख देखी ५ लाख सम्म | **२०००।००** |
| ८४ | १४२४९ | ५ लाख देखी ३० लाख सम्म | **५०००।००** |
| ८५ | १४२४९ | ३० लाख देखी माथी | **१००००।००** |
| ८६ | १४२४९ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | **निशुल्क** |
| ८७ | १४२४९ | जग्गा मुल्याङ्कन प्रमाणित | **न्युनतम रु ५०० वा बढिमा ०।०५%** |
| ८८ | १४२४९ | चार किल्ला प्रमाणित | **१५०।००** |
| ८९ | १४२४९ | घटना दर्ता प्रमाणित | **१५०।००** |
| ९० | १४२४९ | घर बाटो प्रमाणित बाटो भएको | **७००।००** |

| | | | |
|---|---|---|---|
| ९१ | १४२४९ | घर बाटो प्रमाणित बाटो नभएको | १५०।०० |
| ९२ | १४२४९ | घर पाताल प्रमाणित | १५०।०० |
| ९३ | १४२४९ | कागज/मञ्जुरीनामा प्रमाणित | १५०।०० |
| ९४ | १४२४९ | हकवाला वा हकदार प्रमाणित | २५०।०० |
| ९५ | १४२४९ | अविवाहित प्रमाणित | १५०।०० |
| ९६ | १४२४९ | जन्म,मृत्यु,बसाईसराई प्रतिलिपी दस्तुर | ५००।०० |
| ९७ | १४२४९ | नक्सा पास निवेदन फाराम दस्तुर | ५००।०० |
| ९८ | १४२४९ | सरसफाई शुल्क मासिक | ५०।०० |
| ९९ | १४२४९ | सरसफाइ कार्डको दस्तुर | १०००।०० |
| १०० | १४२४९ | घर खाली गराउँदा प्रति दिनको दस्तुर | ५००।०० |
| १०१ | १४२४९ | अंग्रेजी भाषामा अनुवाद गरिएको सिफारिस | ७००।०० |
| १०२ | १४२४९ | अन्य सिफारीस वा प्रमाणित | १५०।०० |
| १०३ | १४२४९ | माथि उल्लिखित सिफारीस र प्रमाणित बाहेक कुनै निर्णय वा फैसला आदिको नक्कल आवश्यक परेमा प्रति पाना | १०।०० |
| १०४ | १४२४९ | मौजुदा सूची दर्ता दस्तुर | १०००।०० |
| १०५ | १४२४९ | अभिलेख प्रतिलिपि प्रमाणित दस्तुर | ५।०० |

**अनुसूचि-१८**
**(दफा २० संग सम्बन्धित)**
**दण्ड जरिवाना तथा छुट (राजश्व शीर्षक- १४३१२)**

विशेष कानूनमा विशेष व्यवस्था भए भन्दा बाहेक प्रत्येक आर्थिक वर्षको वार्षिक तथा नविकरण शुल्क सोही आर्थिक वर्षको असोज मसान्त भित्र बुझाएमा सोही वर्षमा लाग्ने करमा १० प्रतिशतले छुटको व्यवस्था गरिनेछ साथै कृषि तथा पशुपन्छी फर्मको लागी २०% ले छुटको ब्यवस्था गरिनेछ तर प्रथम त्रैमासिक समाप्त भएपछि कर वा शुल्क नबुझाउने व्यवसायी फर्मले दोस्रो त्रैमासिकको लागि यथावत तेस्रो त्रैमासिकको लागि १०%, अन्तिम त्रैमासिकको लागि १५%, र त्यसभन्दा पछि वार्षिक २५% थप जरिवाना गरि असुल उपर गरिनेछ। नक्सा पास नगराई घर निर्माण गरेको हकमा कार्यपालिकाले निर्धारण गरे बमोजिमको जरिवाना लाग्नेछ। तर यसरी जरिवाना तोक्दा नक्सा पास दस्तुर भन्दा बढी हुने छैन।